## आर्थिक वर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना: आर्थिक वर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७५/७६ को निमित्त प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार: आर्थिक वर्ष २०७५/७६ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालू खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रु. ........ (अक्षरेपी .................... ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजन: (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/७६ को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा नपुग हुने देखिन आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ७०१९२ मा विनियोजन भएको रकम अनुदान संख्या ७०१०२ देखि ७०१९३ सम्म जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

प्रदेश कानून मस्यौदा

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

**........प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम**

**प्रदेश नं. ...**

रु. हजारमा

| १ | २ | | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | प्रदेश | अनुदान संख्या | शीर्षकको नाम | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १ | ७०१ | ०२ | प्रदेश व्यवस्थापिका | ० | ० | ० | ० |
| २ | ७०१ | ०६ | प्रदेश लोकसेवा आयोग | ० | ० | ० | ० |
| ३ | ७०१ | ९१ | आर्थिक मामिला तथा योजना मन्त्रालय- ऋण भुक्तानी | ० | ० | ० | ० |
| ४ | ७०१ | ९३ | आर्थिक मामिला तथा योजना मन्त्रालय- फैसला वा आदेश बमोजिम तिर्नु पर्ने रकम | ० | ० | ० | ० |
| | | जम्मा | | ० | ० | ० | ० |

प्रदेश नमूना कानूनको मस्यौदा

अनुसूची - २

(दफा २ र ३ सँग सम्बन्धित)

**........प्रदेश सञ्चित कोषबाट व्ययभार हुने रकम**

**प्रदेश नं. ...**

रु. हजारमा

| १ | २ | | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|---|
| क. सं. | प्रदेश | अनुदान संख्या | शीर्षकको नाम | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १ | ७०१ | ०२ | प्रदेश व्यवस्थापिका | ० | ० | ० | ० |
| २ | ७०१ | ०६ | प्रदेश लोक सेवा आयोग | ० | ० | ० | ० |
| ३ | ७०१ | ०९ | मुख्य न्यायाधिवक्ता | ० | ० | ० | ० |
| ४ | ७०१ | ११ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ० | ० | ० | ० |
| ५ | ७०१ | १२ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ० | ० | ० | ० |
| ६ | ७०१ | १३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ० | ० | ० | ० |
| ७ | ७०१ | १४ | उद्योग पर्यटन बन तथा वातावरण मन्त्रालय | ० | ० | ० | ० |
| ८ | ७०१ | १५ | भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय | ० | ० | ० | ० |
| ९ | ७०१ | १६ | भौतिक पूर्वाधार तथा विकास मन्त्रालय | ० | ० | ० | ० |
| १० | ७०१ | १७ | सामाजिक विकास मन्त्रालय | ० | ० | ० | ० |
| ११ | ७०१ | ३१ | प्रदेश न्याय सेवा आयोग | ० | ० | ० | ० |
| १२ | ७०१ | ९१ | आर्थिक मामिला तथा योजना मन्त्रालय- ऋण भुक्तानी | ० | ० | ० | ० |
| १३ | ७०१ | ९२ | आर्थिक मामिला तथा योजना मन्त्रालय- विविध | ० | ० | ० | ० |
| | | जम्मा | | ० | ० | ० | ० |

प्रदेश नमूना कानूनको मस्यौदा